नेपालमा...

पर्यटकको संख्या हालको तुलनामा शतप्रतिशतले बढ्न सक्ने उनीहरूको आकलन रहेको छ । दुई मुलुकलाई जोड्ने उच्च गुणस्तरीय सडक भएमा सडक मार्ग हुँदै आउनेको पर्यटकको संख्या बढ्ने निश्चित रहेको उनीहरूको भनाइ छ ।

मधेश...

वर्षका सोही अवधिको तुलनामा औद्योगिक कर्जा विस्तारमा १० दशमलव ९९ प्रतिशतले बढको छ । गत आर्थिक वर्षको तुलनामा समीक्षा अवधिमा निर्माण उद्योगतर्फ प्रवाह भएको कर्जामा एक दशमलव १६ प्रतिशत, धातुका उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक्स उत्पादनतर्फ दुई दशमलव ३८ प्रतिशत र विद्युत् ग्यास तथा पानीतर्फ प्रवाह भएको कर्जामा २४ दशमलव पाँच प्रतिशत, गैर-खाद्यवस्तु उत्पादनतर्फ प्रवाह भएको कर्जामा १० दशमलव ८० प्रतिशत, कृषि, वन तथा पेय पदार्थ उत्पादनतर्फ १६ दशमलव चार प्रतिशतले वृद्धि भएको छ भने खनिज उत्पादनमा प्रवाह भएको कर्जामा २७ दशमलव २१ प्रतिशतले कमी आएको छ ।

बैंक तथा वित्तीय संस्थाले समीक्षा अवधिमा मधेश प्रदेशबाट संकलन गरेको कुल निक्षेप गत वर्षको सोही अवधिको तुलनामा १३ दशमलव १७ प्रतिशतले बढेर तीन खर्ब ५३ अर्ब ४२ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप पाँच दशमलव ३३ प्रतिशतले बढेर तीन खर्ब १२ अर्ब ३० करोड पुगेको थियो । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा गत वर्षको सोही अवधिको तुलनामा १२ दशमलव १७ प्रतिशतले बढेर चार खर्ब ८८ अर्ब ३८ करोड पुगेको छ ।

गत वर्षको सोही अवधिमा यस्तो कर्जा तीन दशमलव २९ प्रतिशतले घटेर चार खर्ब ३५ अर्ब ३८ करोड रहेको थियो । निक्षेप परिचालन र कर्जा प्रवाहको आँकडालाई तुलना गर्दा अन्य प्रदेशहरूमा संकलन भएको वित्तीय स्रोत मधेश प्रदेशमा स्थानान्तरण भई सोको उपयोग भएको प्रतिवेदनमा उल्लेख छ ।

सुदूरपश्चिम...

दशमलव ९१ प्रतिशतले बढेको थियो ।

२०८१ पुस मसान्तसम्म निक्षेप संकलन अघिल्लो वर्षको सोही अवधिको तुलनामा सात अर्ब ९६ करोड रूपैयाँले बढेको छ । यस्तै, कर्जा प्रवाह २०८१ असार मसान्तको तुलनामा शून्य दशमलव २७ प्रतिशतले बढेर एक खर्ब ५३ अर्ब २६ करोड ६२ लाख रूपैयाँ पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा सात दशमलव २८ प्रतिशतले घटेको थियो । २०८१ पुस मसान्तसम्म प्रदेशमा प्रवाहित कुल कर्जा अघिल्लो वर्षको सोही अवधिको तुलनामा भने १२ अर्ब ६० करोड रूपैयाँले बढेको छ ।

समीक्षा अवधिसम्ममा बैंक तथा वित्तीय संस्थाहरूले संकलन गरेको निक्षेपमा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ४८ दशमलव ६० प्रतिशत र बाजुरा जिल्लाको अंश सबैभन्दा कम अर्थात् दुई दशमलव २७ प्रतिशत छ । त्यसैगरी, कुल कर्जामा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ६८ दशमलव ७७ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम अर्थात् एक दशमलव एक प्रतिशत प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ ।

२०८१ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरूबाट सुदूरपश्चिम प्रदेशमा कृषिमा प्रवाहित कर्जा २०८१ असार मसान्तको तुलनामा शून्य दशमलव ९७ प्रतिशतले घटेर १६ अर्ब ३६ करोड ८३ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा आठ दशमलव चार प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा १८ दशमलव ३४ प्रतिशत प्रवाह भएको छ भने सुर्ती शीर्षकमा कर्जा प्रवाह भएको छैन ।

समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशमा प्रवाहित कुल कर्जामध्ये कृषि क्षेत्रतर्फ प्रवाहित कर्जाको अंश १० दशमलव ६८ प्रतिशत छ । कृषि क्षेत्रमा प्रवाहित कर्जामध्ये कैलाली जिल्लाको अंश सबैभन्दा बढी ६७ दशमलव एक प्रतिशत र कञ्चनपुरको २० दशमलव ४३ प्रतिशत छ । कृषि कर्जाको अंश बाजुरा जिल्लामा सबैभन्दा कम एक दशमलव १० प्रतिशत तथा अछाम जिल्लामा एक दशमलव ३० प्रतिशत छ ।

२०८१ पुसमा औद्योगिक क्षेत्रमा प्रवाह भएको कर्जा २०८१ असार मसान्तको तुलनामा एक दशमलव ३२ प्रतिशतले घटेर २५ अर्ब २६ करोड ४५ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा छ दशमलव १८ प्रतिशतले घटेको थियो । कुल प्रवाहित कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित भएको कर्जाको अंश १६ दशमलव ४८ प्रतिशत छ । समीक्षा अवधिमा कुल औद्योगिक कर्जामध्ये कृषि, वन तथा पेय पदार्थ उत्पादनसम्बन्धी उद्योगमा प्रवाहित कर्जाको अंश सबैभन्दा बढी ३८ दशमलव ६५ प्रतिशत छ भने खानीसम्बन्धी उद्योगमा प्रवाहित कर्जाको अंश सबैभन्दा कम शून्य दशमलव ५३ प्रतिशत छ ।

बैंक तथा वित्तीय संस्थाहरूले २०८१ पुस मसान्तसम्म औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जामध्ये धातुका उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिकसम्बन्धी कर्जा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३५ दशमलव ८५ प्रतिशतले वृद्धि भएको छ भने खानीसम्बन्धी कर्जामा ४० दशमलव ३४ प्रतिशतले ह्रास आएको छ । समीक्षा अवधिमा यस प्रदेशमा प्रवाह भएको कुल औद्योगिक कर्जामध्ये कैलाली जिल्लाको अंश सबैभन्दा बढी ७८ दशमलव ७४ प्रतिशत छ भने दार्चुला जिल्लाको अंश सबैभन्दा कम शून्य दशमलव ३७ प्रतिशत छ ।

यसैगरी, कञ्चनपुर, डडेल्धुरा, डोटी, अछाम, बझाङ, बाजुरा तथा बैतडीको अंश क्रमशः १६ दशमलव ३५ प्रतिशत, एक दशमलव ५१ प्रतिशत, शून्य दशमलव ९८ प्रतिशत, शून्य दशमलव ५५ प्रतिशत, शून्य दशमलव ५१ प्रतिशत, शून्य दशमलव ५० प्रतिशत र शून्य दशमलव ४८ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ ।

मितेरी...

विदेशमा फरार रहेका प्रतिवादी ज्योतिबहादुर भण्डारीलाई नेपाल प्रहरी प्रधान कार्यालयबाट खटिएको प्रहरी टोलीमार्फत नेपाल ल्याई यस ब्युरोको हिरासतमा राखी थप अनुसन्धान भइरहेको छ,' सीआईबीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

प्रारम्भिक अनुसन्धानको क्रममा मितेरी सहकारीका महाप्रबन्धक ज्योति गुरूङले सहकारीबाट अपचलन गरेको करोडौं रकम थाइल्यान्डमा बसोबास गर्ने ज्योतिबहादुर भण्डारीले चलाएको र निजले फिर्ता गराइदिने भनी ह्वाट्सएपमार्फत सहकारीका पदाधिकारीहरु र ज्योतिबहादुरबीच सम्पर्क गराएका थिए । त्यसपछि भण्डारीले सहकारी संस्थाका सचिव कृष्णबहादुर रानाको ग्लोबल आईएमई बैंक, इन्द्रचोक शाखामा ३३ करोड ११ लाख रूपैयाँ पार्सल गरी पठाएको छु भनी ह्वाट्सएपमार्फत टोकनको फोटो पठाएको अनुसन्धानमा खुलेको छ । विदेशबाट आएको पार्सल रकम लिनको लागि कमिसन तिर्नुपर्छ भनी सहकारी संस्थाका पदाधिकारीहरूसँग सम्पर्क गरी तीन करोड ४४ लाख ७४ हजार तीन सय २० रूपैयाँ ठगी गरेको खुल्न आएको छ ।

सीआईबी प्रवक्ता खड्काका अनुसार भण्डारीको नाममा जारी भएको दुईवटा राहदानीमा दुई वटा फरक-फरक नागरिकता उल्लेख भएको, ज्योतिबहादुरले अन्य व्यक्तिहरूको राहदानी तथा नागरिकताको विवरण परिवर्तन गरी काल्पनिक व्यक्तिहरूको विवरण राखी सोही कीर्ते गरेको नागरिकता तथा राहदानीलाई स्क्याम गर्न दुरुपयोग गरेको समेत अनुसन्धानबाट खुल्न आएको छ । इन्टरपोल महासचिवालयबाट २०८१ कात्तिक १३ गते ज्योतिविरूद्ध रेड नोटिस जारी भएको थियो ।

कम्बोडियाबाट पक्राउ गरेर बुधबार राति काठमाडौं ल्याइएका अभियुक्त भण्डारीविरूद्ध सात दिनको म्याद थप भएको छ । काठमाडौं जिल्ला अदालतले लिखत सम्बन्धी कसुर र ठगीको कसुरमा अनुसन्धान गर्न सात दिनको म्याद दिएको हो । कम्बोडियाबाट पक्राउ गरेर ल्याइएका भण्डारीलाई सीआईबीले बिहीबार अदालतमा उपस्थित गराएको थियो ।

पेवेल...

२०६४का प्रावधानहरूको उल्लंघन गरेको राष्ट्र बैंकले जनाएको छ ।

राष्ट्र बैंकले २०८२ असार ४ गते बसेको सञ्चालक समितिको बैठकले गरेको निर्णयअनुसार दुवै कम्पनीको अनुमतिपत्र खारेज गरिएको जनाएको छ ।

राष्ट्र बैंकले सार्वजनिक सूचना जारी गर्दै सबै सरोकारवालालाई यसबारे पेवेल नेपाल र सजिलो पेको लाइसेन्स खारेज गरिएकोले कारोबार गर्दा सावधानी अपनाउन आग्रह गरेको छ ।

यसअघि यि दुई कम्पनी हुन्डी, तस्करीलगायत गैरकानुनी कारोबारमा संलग्न भएको भेटिएपछि बैंक खाता रोक्का गरि अनुसन्धान सुरू गरेको थियो ।

सेयरबजारमा...

सेयर किनबेच भएको छ । कारोबार रकम धेरै देखिए पनि बजारमा बिक्रीकर्ता हाबी हुँदा नेप्सेमा दबाब परेको विश्लेषकहरु बताउँछन् ।

बिहीबार एउटा कम्पनीको सेयर कारोबारमा सकारात्मक सर्किट लागेको छ भने तीन वटा कम्पनीको कारोबारमा नकारात्मक सर्किट लागेको छ । कारोबार भएका दुई सय ४८ कम्पनीमध्ये दुई सय एक वटाको सेयरमूल्य घट्दा बजार दबाबमा परेको हो । बाँकी ४७ कम्पनीका सेयरधनीले भने यस दिन पनि कमाएका छन् ।

यसदिन सूचीकृत १३ वटै समूह घटेका छन् । सबैभन्दा धेरै व्यापार समूह दुई दशमलव ४७ प्रतिशत घटेको छ । त्यसपछि जलविद्युत् समूह एक दशमलव ३४ प्रतिशत, विकास बैंक र अनय समूह एक दशमलव १२ प्रतिशत, लघुवित्त एक दशमलव शून्य छ प्रतिशत, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव शून्य एक प्रतिशतले घटेको छ । यस्तै, होटल तथा पर्यटन समूह शून्य दशमलव ९६ प्रतिशत, फाइनान्स समूह शून्य दशमलव ९३ प्रतिशत, लगानी शून्य दशमलव ७३ प्रतिशत, बैंकिङ शून्य दशमलव ५० प्रतिशत, जीवन बीमा शून्य दशमलव ४१ प्रतिशत, निर्जीवन बीमा शून्य दशमलव ३४ प्रतिशत र म्युचुअल फन्ड शून्य दशमलव २६ प्रतिशतले घटेको छ ।

यसदिन लगानीकर्ताको सम्पत्ति ४२ अर्ब रूपैयाँ घटेको छ । बजार पुँजीकरण ४३ खर्ब ७९ अर्ब रूपैयाँ कायम भएको छ । साधारण सेयर तर्फको बजार पुँजीकरण पनि १२ अर्ब रूपैयाँ घटेर १४ खर्ब ७८ अर्ब रूपैयाँ कायम भएको छ ।

Find us on :
facebook/
aarthikdainik

निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

निक्षेप उपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.

निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

माछापुच्छ्रे बैंक

निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

प्रभु बैंक लिमिटेड
PRABHU BANK

निक्षेप उपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

साङ्ग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.

रायन होटल लिमिटेड

का.म.न.पा.९, काठमाडौं ।

विशेष साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकासित मिति २०८२/०३/०६

आदारणीय शेयरधनी महानुभावहरू,

यस रायन होटल लिमिटेडको मिति २०८२/०३/०५ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस रायन होटल लिमिटेडको विशेष साधारण सभा निम्न मिति, स्थान, र समयमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न सभा संचालन हुने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी एवं उपस्थितीका लागि यो सूचना प्रकासित गरिएको छ ।

१. सभा हुने मिति, स्थान तथा समय :

मिति: २०८२ असार २२ गते आइतबार तदनुसार (July 06, 2025)
स्थान: रायन होटल लि.को सभाकक्ष, का.जि., का.म.न.पा. ९ पिंगलास्थान
समय: विहान ठिक ८:०० बजे ।

२. सभामा छलफल गरिने प्रस्तावहरू :

१) जारी पूँजी वृद्धि गर्ने बारे,
२) प्रबन्ध पत्रको दफा (६) को उपदफा (ख), (ग), (घ), (ङ) तथा (च) संशोधन गर्ने बारे,
३) जारी पूँजी वृद्धि दफा संशोधन सम्बन्धमा नियमनकारी निकायहरूबाट कुनै पनि किसिमको फेरबदल, संशोधन एवं थपघट सम्बन्धी निर्देशन प्राप्त भएमा निर्देशन बमोजिमको कार्य गर्न संचालक समिति वा संचालक समितिले तोकेको प्रतिनिधिलाई आवश्यक सम्पुर्ण अख्तियारी प्रदान गर्ने बारे,
४) विविध ।

३. साधारण सभा सम्बन्धी सामान्य जानकारीहरू :

१) विशेष साधारण सभा प्रयोजनका लागि मिति २०८२/०३/१४ गते शेयरधनी पुस्तिका बन्द रहने भएकोले मिति २०८२/०३/१३ सम्म कायम रहने शेयरधनीहरूले मात्र साधारण सभामा भाग लिन पाउनेछन् ।
२) शेयरधनी महानुभावहरूको उपस्थिती पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिती पुस्तिका बिहान ७:३० देखी विशेष साधारण सभा अवधिभर खुल्ला गरिनेछ ।
३) साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि (प्रोक्सी) फाराम भरी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै अर्थात् मिति २०८३/०३/२० गते बिहान ८:०० बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । एक भन्दा बढि व्यक्तिलाई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको पाइएमा उक्त प्रोक्सी बदर हुनेछ ।
४) प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धीत् शेयरधनीले प्रोक्सी फेरबदल गर्न चाहेमा यस अघि दिइएको प्रोक्सी बदर गरी यो प्रोक्सीलाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रतिनिधि (प्रोक्सी) फाराम भरी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराएको अवस्थामा पुरानो प्रोक्सी स्वत: बदर भएको मानि पछिल्लो प्रोक्सीलाई मान्यता दिइने छ । प्रतिनिधि नियुक्त गरे पश्चात् शेयरधनी स्वयं सभामा उपस्थित भई हाजिरी पुस्तिकामा हस्ताक्षर गरेमा निजले दिएको प्रोक्सी स्वत: बदर हुनेछ ।
५) नाबालक शेयरधनीहरूको तर्फबाट कम्पनीको शेयरधनी दर्ता किताबमा संरक्षकको नाममा दर्ता भएका महानुभावले सभामा भाग लिन वा मतदान गर्न वा प्रेक्सी नियुक्त गर्न सक्नेछन् ।
६) एक भन्दा बढि व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्व सम्मतीबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा शेयरधनी दर्ता किताबामा पहिलो नामा उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नेछन् ।
७) साधारण सभा सम्बन्धि थप जानकारीका लागि कम्पनीको रजिष्ट्रर्ड कार्यालय, का.जि., का.म.न.पा. ९ पिंगलास्थानमा कार्यालय समयमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

धन्यवाद ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

SEALED TENDER NOTICE

Machhapuchchhre Bank Limited invites sealed proposal from the interested insurance companies for:

A. Group Personal Accidental, Group Medical Insurance and Critical Illness insurance for the bank's accountholders under various products for Fiscal Year 2082/83
B. Staff GPA & GMI
C. BBI
D. FA Insurance-EEI, FPI, MBI & Vehicle

Interested insurance companies are requested to submit the proposal with the best coverage and proposed schedule of benefits with the finest rate addressing General Administration & Procurement Department, MBL Tower, Lazimpat, Kathmandu.

A copy of tender document can be obtained upon payment of NPR 10,000/- for each category as tender application fee (nonrefundable) deposited in the account **'Tender Fee - A/c no. : 0999524670541546'** Proposals are to be submitted within 15 days from the date of notice before close of banking hour. Proposals received after deadline will not be accepted.

Bank reserves right to accept/reject any or all proposals fully or partially without assigning any reason whatsoever.

Machhapuchchhre Bank
Head Office : Lazimpat, Kathmandu
Phone No. 01-4528556

दीक्षान्त प्रमाणपत्र हरायो

मिति २०८२/०१/२५ गते भक्तपुर नयाँ ठिमी देखि जडिबुटी सम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको दीक्षान्त प्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : सकीना चौलागाई
रजिष्ट्रेसन नं : ६-२-४९३-३५-२०१८
सम्पर्क : ९८४०९४९५००

भुल-सुधार गरिएको सूचना

मिति २०८२/०३/०५ गते यस वित्तिय संस्थाले प्रकाशित गरेको गैर बैंकिङ सम्पत्ति बिक्री सम्बन्धी ७ दिने सूचनामा प्रकाशित मिति २०८२/०३/०५ गते आर्थिक राष्ट्रिय दैनिक हुनपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७२/०५/१७ मा दर्ता भएको प्रा.लि.नं. १३९५२५ को **एस.आर.के. ट्रेडर्स एण्ड सप्लायर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१०/२७ को निर्णयअनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरासम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०३/०६

यस कम्पनीको मिति २०६७/०६/०७ मा एकल वैठकको निर्णयानुसार साविकको कम्पनी **सार्थक डिष्ट्रिब्यूटर्स एण्ड सप्लायर्स प्रा.लि.** (**प्रा.लि.नं.७५३७२**) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०६७/०९/०१ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **सुवर्णेश्वर ट्रेडर्स प्रा.लि.** (Subarneshwor Traders Pvt. Ltd.) कायम गरिएको जानकारी गराइन्छ ।

लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०३/०६

यस सा.व.उ.स. बाट संकलित खयर काठ ५२.९५ क्यु फिट (हर्ट उड) लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो १५ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

कोकलेडाँडा सा. वन उपभोक्ता समूह, व्यास ११, तनहुँ ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८२/०३/०६

यस कम्पनीको मिति २०८२/०२/११ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **अशोका प्रोपटी रियलस्टेट एण्ड सप्लायर्स प्रा.लि.**(**प्रा.लि.नं.१५८६७५**) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०२/१९ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **अशोका केमिकल्स प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।

बोलपत्रद्वारा गोलिया काठ / दाउरा लिलाम बिक्री वितरण सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०३/०६

यस सातकन्या सा व उ स.क.न.पा.०८ सिन्धुलीको आ.व. २०८१/२०८२ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल तथा अन्य जातको गोलिया थान ९९ को २२८३.६१ क्युफिट गोलिया काठ र दाउरा २.५० चट्टा व्यापारिक प्रयोजनकलागि विक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यससमूहको सुचना पाटीमा टाँस गरिएको छ ।

सातकन्या सा व उ स. क.न.पा.०८, सिन्धुली